# मार्ग निर्धारण निर्देशिका, २०८२

लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात मन्त्रालय
राप्ती उपत्यका (देउखुरी)

**प्रस्तावनाः** सार्वजनिक यातायात सेवा सञ्चालन गर्न मार्ग निर्धारण गर्ने कार्यलाई व्यवस्थित गरी सार्वजनिक यातायात सेवालाई थप सुरक्षित र प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,

सडक सवारी, यातायात तथा परिवहन ऐन, २०७६ को दफा ११७ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो निर्देशिका जारी गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>(१) यो निर्देशिकाको नाम "मार्ग निर्धारण निर्देशिका, २०८२" रहेको छ।

(२) यो निर्देशिका मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो निर्देशिकामा,-

(क) "ऐन" भन्नाले सडक सवारी, यातायात तथा परिवहन ऐन, २०७६ लाई सम्झनु पर्छ।

(ख) "मार्ग (रुट)" भन्नाले यस निर्देशिका अनुसार सार्वजनिक सवारीलाई यातायात सेवा सञ्चालन गर्नका निमित्त निर्धारण गरिएको सार्वजनिक सडक वा बाटोलाई सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेशको यातायात सम्वन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले मन्त्रालय मातहतका यातायात सम्बन्धी विषय हेर्ने कार्यालय सम्झनु पर्छ।

(ङ) "समिति" भन्नाले मार्ग निर्धारण गर्ने उद्देश्यले यस निर्देशिकाको दफा ४ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ।

(च) "सडक सम्बन्धी निकाय" भन्नाले सार्वजनिक सडक निर्माण, मर्मत तथा सम्भार गर्ने केन्द्रिय, प्रादेशिक वा स्थानीय तहसँग आवद्ध सार्वजनिक निकायलाई सम्झनु पर्छ।

३. <u>मार्ग निर्धारण प्रक्रियाः</u> (१) मन्त्रालयले निम्न अनुसारको अवस्थामा मार्ग निर्धारण प्रक्रिया शुरु गर्नु पर्नेछः-

(क) ऐनको दफा ९० बमोजिमको मार्ग तथा भाडा निर्धारण सिफारिस समितिबाट सिफारिस भएका सडकहरुमा,

(ख) सडक सम्वन्धी निकायबाट सवारी साधन सडकमा चल्न सक्ने भनी सिफारिस प्राप्त भएमा,

(ग) मन्त्रालयले आवश्यक ठहर गरेको अवस्थामा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि ऐनको दफा ४० को प्रक्रिया बमोजिम मार्ग निर्धारण भएपछि मात्र मार्ग इजाजत दिनुपर्नेछ।

(३) मार्ग (रुट) निर्धारण भएपछि सो बाटोको विवरणको अभिलेख मन्त्रालय र सम्वन्धित कार्यालयमा राखी सो को सूचना सर्वसाधारणको जानकारीको लागि सार्वजनिक रुपमा प्रकाशित गर्नुपर्नेछ।

नारद गौतम
प्रदेश सचिव

माननीय मन्त्री

४. <u>मार्ग निर्धारण तथा सिफारिस समितिको गठनः</u> (१) मन्त्रालयले मार्ग निर्धारण गर्नका लागि मार्गको स्थलगत निरीक्षण गरी सिफारिस गर्न देहायका सदस्यहरु भएको मार्ग निर्धारण तथा सिफारिस समितिको गठन गर्नेछः -

| | |
|---|---|
| (क) महाशाखा प्रमुख, यातायात महाशाखा, मन्त्रालय | -संयोजक |
| (ख) डिभिजनल ईन्जिनियर (हाइवे), भौतिक पूर्वाधार विकास मन्त्रालय | - सदस्य |
| (ग) कानुन अधिकृत, मन्त्रालय | - सदस्य |
| (घ) शाखा प्रमुख, यातायात शाखा, मन्त्रालय | - सदस्य |
| (ङ) मेकनिकल इन्जिनियर, मन्त्रालय | - सदस्य सचिव |

(२) समितिले आवश्यकता अनुसार अन्य विज्ञ आमन्त्रण गर्न सक्नेछ।

५. <u>समितिको काम, कर्तव्य र अधिकारः</u> दफा ४ को उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकारदेहाय बमोजिम हुनेछः-

**(क) प्रारम्भिक अध्ययन (Desk Study) गर्नेः**समितिले निम्न विषयसँग सम्बन्धित कागजातहरुको अध्ययन गर्नेछः-

<u>सडक सम्बन्धी विषयः</u>

- सडकको वर्गीकरण, इन्जिनियरिंग डिजाईन, सडक सतहको अवस्था, सडक सुरक्षा र सूचना सम्वन्धी विषयहरु,
- सडकको सोल्जर, क्यरिएज वे, नाला वा ढल, सडकको दुरी, दुरी पार गर्न लाग्ने समय, विसौनी, खाजा तथा भोजनालय, प्रहरी चौकी, स्वास्थ्य चौकी, आदिको अवस्थिति।

<u>सवारी सम्बन्धी विषयः</u>

- उक्त सडकमा सञ्चालन हुनसक्ने सवारी साधनका प्रकार, प्रकृति तथा सार्वजनिक यातायात सेवाको किसिम,
- आवश्यकता अनुसार अन्य विषय।

**(ख) मार्ग (रुट) को स्थलगत निरीक्षण गर्नेः** समितिले प्रारम्भिक अध्ययनका विषयहरु यकिन गर्न बाटोको स्थलगत निरीक्षण गर्नुपर्नेछ। स्थलगत निरीक्षण गर्दा सार्वजनिक सवारी साधनमा परीक्षण यात्रा (Test Run) गर्नेछ। परीक्षण यात्रामा निम्न विषयहरुको स्थलगत टिपोट राख्नुपर्नेछः-

(१) यातायात सञ्चालनसँग सम्वन्ध राख्ने बाटोमा भएका महत्वपूर्ण ठाउँको (सडकको चौडाई, घुम्ती, Longitudinal gradient, पुल, सडक सतहको प्रकार आदि) बारे,

(२) सार्वजनिक यातायात सेवा सञ्चालनका लागि मार्गको वर्गीकरण,

नारद गौतम
प्रदेश सचिव

माननीय मन्त्री

उद्योग, पर्यटन तथा यातायात मन्त्रालय, गण्डकी प्रदेश सरकार, रानी उपत्यका (पोखरा), नेपाल

(३) परीक्षण गरिएको बाटोमा सञ्चालन गर्न सकिने सवारी साधनको किसिमको यकिन गर्ने,

(४) परीक्षण गरिएको बाटोमा सबै वा तोकिएका सवारी साधनहरु बाह्रै महिना वा मौसम अनुसार सञ्चालन हुन सक्ने वा नसक्ने सम्बन्धी विवरण,

(५) परीक्षण गरिएको बाटोमा सार्वजनिक यातायात सेवाको किसिम (रात्री वा दिवा) यकिन गर्ने,

(६) सडक सुरक्षा सम्बन्धी विशेष थप व्यवस्था गर्नु पर्ने भएमा सो को विवरण,

(७) बाटो (रुट) मा मौसम परिवर्तन (ठूलो वर्षा, कुहिरो, हिउँ पर्नु) ले गर्दा वा रातिको समयमा सवारी साधन सञ्चालन गर्दा गति सीमित गर्नु पर्ने वा उक्त समयमा सेवा सञ्चालनमा रोक लगाउनु पर्ने भए सो को विवरण।

**(ग) सिफारिस सम्बन्धी व्यवस्थाः** डेस्क अध्ययन तथा परीक्षण यात्रा (Test Run) को आधारमा समितिले देहाय बमोजिमको निर्णय गर्नेछः -

(१) बाटो (रुट) कायम गर्ने,

(२) निश्चित शर्त सहितको बाटो (रुट) कायम गर्ने,

(३) सार्वजनिक यातायात सञ्चालनको बाटो (रुट) इजाजत दिनुपूर्व गर्नुपर्ने बाटोको सुधार गर्नुपर्ने भए सो को सिफारिस गर्ने ।

**(घ) प्रतिवेदन सम्बन्धी व्यवस्थाः** समितिले प्रतिवेदनमा देहायका विषयहरु खुलाउनु पर्नेछः-

(१) सञ्चालन हुनसक्ने सवारीको किसिम,

(२) सवारी साधनको गति, सिट वा भारवहन क्षमता सम्बन्धी,

(३) निर्धारण गरिएको बाटोमा यात्रुको चापका आधारमा सञ्चालन गर्न सकिने सवारी साधनको संख्या।

६. **सार्वजनिक सूचनाः** समितिबाट बाटो (रुट) निर्धारणको सिफारिस प्राप्त भएमा मन्त्रालयले बाटो कायम गरिएको सूचना सर्वसाधरणको जानकारीको लागि प्रकाशित गर्नुपर्नेछ।

७. **मार्ग इजाजत सम्बन्धीः** कायम भएको मार्गमा यातायात सेवा सञ्चालन गर्नका लागि मार्ग इजाजत खुला गर्न सम्बन्धित कार्यालयलाई मन्त्रालयले निर्देशन दिनेछ।

८. **मार्ग कायम भएको अभिलेख राख्नेः** मार्ग कायम भएपछि सोको अभिलेख मन्त्रालयमा रहनेछ।

९. **मार्गको निरीक्षण सम्बन्धी व्यवस्थाः** (१) मार्ग (रुट) सिफारिस समितिले मार्ग (रुट) को निरीक्षण तथा परीक्षण यात्रा (टेस्ट रन) गरी मार्ग कायम गर्न सिफारिस गर्दा अनुसूची-१ बमोजिम मार्गको वर्गीकरण गरिनेछ।



नारद गौतम
प्रदेश सचिव

माननीय मन्त्री

(२) उपदफा (१) बमोजिमको समितिले बाटोको अवस्था हेरी अस्थायी वा स्थायी मार्ग सिफारिस गर्न सक्नेछ।

१०. **मार्गको वर्ग अनुसारको उपयुक्त सवारी साधनको सिफारिसः** मार्ग सिफारिस समितिले मार्ग (रुट) कायम गर्दा उक्त मार्गको लागि उपयुक्त प्रकारको सवारी साधनको अनुसूची-२ बमोजिम सिफारिस गर्नेछ।

११. **सडक सम्बन्धी मापदण्डः** मार्ग कायम गर्दा सडक सम्बन्धी मापदण्डनिम्न अनुसारले पालना गर्नुपर्नेछः-

(क) सडकको क्रस सेक्सन सम्बन्धी निरीक्षण तथा सिफारिस गर्दा अनुसूची-३ को मापदण्ड अनुसार गर्नुपर्नेछ।

(ख) सडक न्यूनतम अर्धव्यास तथा डिजाईन गति सम्बन्धी निरीक्षण तथा सिफारिस गर्दा अनुसूची-४ को मापदण्ड अनुसार गर्नुपर्नेछ।

(ग) सडक सम्बन्धी अन्य मापदण्ड सडक सम्बन्धी निकायले तोके बमोजिम हुनेछ।

१२. **सवारी साधन सम्बन्धी मापदण्डः** सवारी साधन सम्बन्धी सिफारिस गर्दानिम्न बमोजिमको मापदण्ड हुनुपर्नेछः-

(क) सवारीको Engine Power, Gross Vehicle Weight, Dimensions सम्बन्धी मापदण्ड अनुसूची-५ बमोजिम हुनेछ।

(ख) सवारी साधनको प्रकार बमोजिम सडकको घुम्तीमा हुनुपर्ने न्यूनतम सडकको चौडाई अनुसूची-६ बमोजिम हुनेछ।

(ग) अन्य मापदण्ड मन्त्रालयले तोके बमोजिम हुनेछ।

१३. **प्रचलित कानुन बमोजिम हुनेः** यस निर्देशिकामा उल्लेख भएका विषयमायसैबमोजिम र अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ।

प्रदेश सचिव

माननीय मन्त्री

लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

## अनुसूची-१

(दफा ९ सँग सम्बन्धित)

**मार्ग (रुट) को वर्गीकरण**

सार्वजनिक यातायात सेवाको लागि बाटो निर्धारण तथा बाटो इजाजतपत्र प्रदान गर्ने प्रयोजनका लागि बाटो (रुट) लाई निम्न अनुसार वर्गीकरण गरिएको छः-

(क) **वर्ग-(क)**: बाटोको चौडाई कम्तिमा ७ मीटर (Double lane), घुम्तीको अर्धब्यास २० मीटरभन्दा वढी, Longitudinal Gradient ८% भन्दा कम र बाटोका पुलहरू कम्तिमा ५.५ मीटर चौडाई भएका सडकहरु यस वर्गमा पर्दछन्।

(ख) **वर्ग-(ख)**: बाटोको चौडाई कम्तिमा ५.५ मीटर, घुम्तीको अर्धब्यास १२-२० मीटर सम्म, Longitudinal Gradient ८ देखि १०% सम्म र बाटोका पुलहरू कम्तिमा ५.५ मीटर चौडाई भएका सडकहरु यस वर्गमा पर्दछन्।

(ग) **वर्ग-(ग)**: बाटोको चौडाई कम्तिमा ३.५ मीटर (Single Lane), घुम्तीको अर्धब्यास १२ मीटर सम्म, Longitudinal Gradient १०% देखि १५% सम्म र बाटोका पुलहरू पनि ३.५ मीटर चौडाई भएका सडकहरु यस वर्गमा पर्दछन्।

---

नारद गौतम
प्रदेश सचिव

माननीय मन्त्री

# अनुसूची-२
(दफा १० सँग सम्बन्धित)

## <u>सार्वजनिक सवारीको वर्गीकरण</u>

सार्वजनिक यातायात सेवाको लागि बाटो निर्धारण तथा बाटो इजाजतपत्र प्रदान गर्ने प्रयोजनका लागि यातायात सेवा सञ्चालन गर्नका लागि सवारी साधनहरु निम्न अनुसार वर्गीकरण गरिएको छः-

### (क) यात्रुवाहक सवारी

| Vehicle Type | Engine output (Hp)/rpm | Min. Turning Radius (m) | Max. GVW (MT) | Vehicle Dimension (mm) - L | Vehicle Dimension (mm) - Wheel Base | Vehicle Dimension (mm) - Width | Vehicle Class |
|---|---|---|---|---|---|---|---|
| **Bus** (>30 seats) | 135@2500 | 8.4 | 14.86 | 11000-17000 | 4225 | 2560 | **V3** |
| **Minibus** (16-30 seats) | 123@2400 | 8.4 | 7.49 | 8150 | 4200 | 2190 | **V2** |
| **Micro-bus** (upto 16 seats) | 87@3800 | 5.5 | 2.6 | 4715 | 2985 | 1800 | **V1** |

### (ख) मालवाहक सवारी

| Vehicle Type | Engine output (Hp)/rpm | Min. Turning Radius (m) | Max. GVW (MT) | Vehicle Dimension (mm) - L | Vehicle Dimension (mm) - WB | Vehicle Dimension (mm) - B | Vehicle Class |
|---|---|---|---|---|---|---|---|
| Multi-axle Trucks (42' semi-trailers) | 243 hp @2000 rpm | 7 | 49 | 10000-18000 | 8903 | 2550 | V3 |
| Truck (> 10 ton GVW) | 177hp @2500 | 11.18 | 31 | 8903 | 5580 | 2580 | V2 |
| Mini truck (5-10 ton GVW) | 77hp @3200 | 5.8 | 5.9 | 3130 | 2500 | 1710 | V1 |
| Pick up (<5 ton GVW) | 63hp @3200 | 7 | 2.9 | 2540 | 3264 | 1700 | V1 |

नारद गौतम
प्रदेश सचिव

माननीय मन्त्री

लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

# अनुसूची-३

(दफा ११ को खण्ड (क) सँग सम्बन्धित)

## सडकको Cross-section सम्बन्धी मापदण्ड

| Road Network | Road Type, Cross-section | Carriageway Width (m) | Shoulder width both side (m) | Roadway width (m) |
|---|---|---|---|---|
| **Strategic Roads** (NRS 2045/2070) | Single lane difficult terrain or low traffic (<100 vpd) | 3 | 0.75 | 4.5 |
| | Single lane | 3.75 | 1.5 | 6.75 |
| | Intermediate lane | 5.5 | 2 | 9.5 |
| | Double lane without kerbs | 7 | 2.5 | 12 |
| **District Roads / Local roads** (NRRS 2068) | Single lane difficult terrain/low traffic (<100 vpd) | 3 | 0.75 | 4.5 |
| | **Hill:** Single lane | 3.75 | 0.75 | 5.25 |
| | **Hill:** Intermediate lane | 5.5 | 0.75 | 7 |
| | **Terai:** Single lane -low traffic (<100 vpd) | 3 | 1.5 | 6 |
| | **Terai:** Single lane | 3.75 | 1.5 | 6.75 |
| | **Terai:** Intermediate lane | 5.5 | 1 | 7.5 |
| **Village Roads** | **Hill:** Single lane | 3 | 0.5 | 4 |
| | **Terai:** Single lane | 3 | 0.75 | 4.5 |
| NRS: Nepal Road Standard; NRRS: Nepal Rural Road Standard; vpd: vehicle per day | | | | |

नारद गौतम
प्रदेश सचिव

माननीय मन्त्री

अनुसूची-४

(दफा ११ को खण्ड (ख) सँग सम्बन्धित)

**सडकको वर्ग अनुसार न्यूनतम अर्धव्यास तथा डिजाईन गति सम्बन्धी मापदण्ड**

| Road Network | Design Speed (kph) | Minimum Radius (m) without 'e' | Minimum Radius (m) Max. 'e' (10%) | Carriageway Required at Curve (m) - Double Lane |
|---|---|---|---|---|
| **Strategic Roads** (NRS 2070/2045) | 120 | 1730 | 600 | 7 |
| | 100 | 870 | 370 | 7 |
| | 80 | 440 | 210 | 7 |
| | 60 | 200 | 110 | 7.6 |
| | 40 | 70 | 40 | 7.9 |
| | 30 | 30 | 20 | 8.2 |
| | 20 | 20 | 10 | 8.5 |
| **Feeder Roads in hills** (DSFR 2053) | **Traffic** | **Min. Radius (m)** | **Hilly (Single Lane)** | **Terai (Single Lane)** |
| FW tractor | <50 vpd | 12.5 | 4.5 | N/A |
| FW earthen/gravel | > 50 vpd | 12.5 | 5 | 4.4 |
| AW gravel/bitumen | >50 vpd | 12.5 | 5 | 4.4 |
| | *e: Superelevation* | | | |

नारद गौतम
प्रदेश सचिव

माननीय मन्त्री

उद्योग, पर्यटन तथा यातायात मन्त्रालय
लुम्बिनी प्रदेश सरकार
राप्ती उपत्यका (देउखुरी), नेपाल

# अनुसूची-५

(दफा १२ को खण्ड (क) सँग सम्बन्धित)

## सवारी साधनको मापदण्ड

| Type of Vehicle | Max engine output (Hp) | Min. Turning Radius (m) | Max speed (kph) | Max GVW (MT) | L (mm) | WB (mm) | B (mm) | H (mm) |
|---|---|---|---|---|---|---|---|---|
| **Multi-axle trucks** | 243 @ 2000 rpm | 7.0 | 86 | 49 | 8903 | 3890 | 2550 | 3332 |
| **Multi-axle rigid trucks** | 189 @ 2400 rpm | 10 | 73 | 25 | 8163 | 3880 | 3235 | 3235 |
| **Trucks (two axle)** | 136 @ 2400 rpm | 7.2 | 88 | 16.2 | 8163 | 4540 | 2434 | 3645 |
| **High Capacity Bus (>55 seats)** | 170 @ 2000 rpm | 9.2 | 95 | 12.5 | 11085 | 5820 | 2500 | 2836 |
| **Bus (25-55 seats)** | 132 @ 2800 rpm | 8.5 | 96 | 16.2 | 12000 | 6320 | 3350 | 2836 |
| **Minibus (15-25 seats)** | 101 @ 2800 rpm | 6.2 | 107.5 | 6.52 | 6870 | 3400 | 2200 | 2865 |
| **Microbus** | 108 @ 3600 rpm | 6.2 | 98 | 3 | 5380 | 3110 | 1880 | 2285 |
| **Three wheeler (Safa Tempo)** | 8.5 @ 3800 rpm | 7.0 | 45 | 1.65 | 3480 | 2270 | 1482 | 1600 |
| **Cars** | 86 @ 5400 rpm | 4.8 | 158 | 1.51 | 4275 | 2600 | 1760 | 1530 |
| **4WD** | 217 @ 4600 rpm | 7.3 | 176 | 3.5 | 5140 | 3075 | 1995 | 1940 |
| **Motorcycle** | 11 @ 7500 rpm | - | 113 | - | 2095 | 1340 | 796 | 1100 |
| **Average farm tractor** | 66 @ 2200 rpm | 3.6 | 26 | 2.5 | 4690 | 4159 | 2050 | 2810 |

Export to Sheets

नारद गौतम
प्रदेश सचिव

माननीय मन्त्री

अनुसूची-६

(दफा १२ को खण्ड (ख) सँग सम्बन्धित)

**सडकको घुम्तीमा हुनुपर्ने न्यूनतम चौडाई सम्बन्धी मापदण्ड**

| Vehicle Type | Urban Single Lane (m) | Strategic/Local Single Lane (m) | Strategic/Local Two-way (m) | Urban Two-way (m) |
|---|---|---|---|---|
| **Average 42' Semi-trailer Trucks** | 6.8 | 11.3 | 11.3 | 6.8 |
| **Average Multi-axle rigid trucks** | 3 | 7 | 7 | 3 |
| **Average Two-axle Trucks** | 3.4 | 7.1 | 3.5 | 7.4 |
| **Average High Capacity Bus** | 3.9 | 8.5 | 4.0 | 8.8 |
| **Average Bus** | 3.1 | 6.9 | 6.7 | 3.3 |
| **Average Minibus** | 3.1 | 6.7 | 6.9 | 3.3 |
| **Average Micro-bus** | 2.6 | 5.9 | 5.7 | 2.8 |
| **Average Three Wheeler (SAFA tempo)** | 1.9 | 4.5 | 2.0 | 4.2 |
| **Average Cars** | 2.9 | 6.4 | 6.2 | 3.0 |
| **Average 4WD** | 2.8 | 6.3 | 2.9 | 6.0 |
| **Average Farm Tractors** | 4.0 | 8.7 | 8.4 | 4.1 |

नारद गौतम
प्रदेश सचिव

मानननीय मन्त्री